**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १४ गते**
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** कोरोना भाइरसको जोखिमबाट बच्न पूर्व सर्तकताका लागि यो वर्ष डोल्पामा यार्सागुम्बाको संकलनमा रोक लगाइएको छ ।
शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको कार्यालय सुलिगाड डोल्पामा शनिवार बसेको सरोकारवलाहरुको बैठकले सम्भावित संक्रमणलाई रोक्न उक्त निर्णय गरिएको शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय सुलिगाड डोल्पाका कायमुकायम प्रमुख संरक्षण अधिकृत सरोजमणि पौडेलले बताउनुभयो ।
यस अघि बैशाख ९ गते बसेको जिल्ला विपत व्यवस्थापन समितिको बैठकले पनि कोरोना भाइरसको संक्रमण बढ्ने भन्दै यार्सागुम्बा संकलनमा रोक लगाउने निर्णय गरेको थियो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** सल्यानको कपुरकोटमा हालै जिल्ला भित्रिएका ८ सय ४९ जनालाई संक्रमणको जोखिम हुने भन्दै समुदायले छुट्टै राख्नुपर्ने माग राखेपछि विद्यालय तथा वनको भवनमा राखिएको छ ।
कोरोना भाइरस कपुरकोटका फोकल पर्सन देवेन्द्र कुमार सेनका अनुसार यी मध्ये ५५ जना वालवालिका र ४ जना गर्भवती महिलाहरु छन् । उनीहरुको रेखदेख र निगरानी स्थानीय समुदायले गरिरहेका छन् ।
यस्तै जिल्लाको कुमाख गाउँपालिकाले विपन्न परिवारलाई राहत वितरण गरेको छ । गाउँपालिकाका सबै वडामा पुगेर राहत स्वरुप चामल, दाल, तेल, लगायतका खाद्यान्न वितरण गरिएको गाउँपालिका अध्यक्ष दिलमाया बुढाले जानकारी दिनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** जिल्लाका उपभोक्तालाई नुनको अभाव हुन नदिनका लागि साल्ट टेड्रिङ कम्पनीले वैशाख १३ गतेबाट नुन ढुवानी गर्न थालेको छ । आर्थिक वर्ष ०७६/०७७ का लागि २ हजार ७ सय ४४ क्वीन्टल नुन ढुवानी गर्न थालिएको साल्ट्र टेडिङ हुम्लाले जनाएको छ ।
६ महिना अघीदेखि नुन ढुवानी गरिए पनि लकडाउन शुरु भएपछि रोकिएको थियो । चामलसंगै नुनको पनि ढुवानी गरिए उपभोक्तालाई सहज हुने साल्ट ट्रेडिङ हुम्लाका प्रमुख राजबहादुर लामाले बताउनुभयो ।

**इन्सेक कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** नेपाल शिक्षक महासंघ रास्कोट नगर समितिले नगरपालिकाले स्थापना गरेको विपद कोषमा एक लाख एक सय ११ रुपैया सहयोग गरेको छ ।
विपन्न परिवारलाई खाद्यान्न वितरण गर्नका लागि उक्त रकम प्रदान गरिएको महासंघका नगर अध्यक्ष पुष्पराज बरालले बताउनुभयो । उहाँका अनुसार नगरपालिका भित्रका सरकारी दरवन्दी तथा राहतमा रहेका शिक्षकहरुको एक दिनको तलव उठाएर रकम नगरपालिकालाई हस्तान्तण गरिएको हो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** मुसिकोट नगरपालिकाले देशका विभिन्न ठाउँमा अलपत्र परेका एकसय ९७ जनालाई उद्धार गरेको छ । उद्धार गरिएका एक सय ५५ जना हाल क्वारेटाइनमा बसेका छन् । नगरपालिकाको समन्वयमा रुकुम पूर्वको गाडिमा आएका ४२ जना क्वारेन्टिनमा बस्न नमानेको नगर प्रमुख देविलाल गौतमले जानकारी दिनुभयो ।
यस्तै वैशाख १४ गते मुसिकोट नगरपालिका-१ मा दुईसय ६५ विपन्न परिवारलाई खाद्यान्न वितरण गरेको वडाध्यक्ष वीरबल केसीले बताउनुभयो । त्यसैगरी चौरजहारी नगरपालिकाले स्थापना गरेको विपद् कोषमा स्वास्थ्यकर्मी र कर्मचारीले पाँचलाख ९० हजार सात सय ८० रुपैँया जम्मा गरेका छन् । कोरोना भाइरसको रोकथाम, उपचार, राहत वितरणमा सघाउन भन्दै उक्त रकम जम्मा गरेको चौरजहारी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले जानकारी दिनुभयो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** पछिल्लो समयमा विभिन्न ठाउँबाट उद्धार गरेका व्यक्तिहरु क्वारेन्टाइनमा बस्न नमानेपछि गुठीचौर गाउँपालिका र चन्दननाथ नगरपालिकाका नागरिकले स्थानीय प्रशासनको विरोध गरेका छन् ।
नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले विभिन्न जिल्लाबाट उद्धार गरेर मानिसहरु ल्याइएपछि सर्वसाधारण कोरोना भाइरसबाट असुरक्षित महशुस गरेको बताउनुभयो । उहाँका अनुसार स्थानीय सरकार र प्रहरी प्रशासनको समन्वय विना निर्णय गर्ने गरेकाले यस्तो समस्या आएको हो ।
गुठीचौर गाउँपालिका निमित्त प्रमुख प्रशासकिय अधिकृत अमरराज गिरीले बाहिरबाट आएका नागरिकलाई अनिवार्य क्वारेन्टाइनमा राख्न माग गरेअनुसार होम क्वारेन्टाइनमा बस्ने सहमति भएको बताउनुभयो ।
प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेका अनुसार प्रभावकारी समन्वय सहकार्यको अभावले यस्तो समस्या भएको हो । उद्धार गर्नुपर्ने नै पर्ने भए संघीय सरकार, गृह, प्रदेश, स्थानीय तह, प्रशासनसँग प्रभावकारी समन्वय हुन आवश्यक भएको उहाँको भनाई छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** सुर्खेत र नेपालगञ्जमा अलपत्र परेका कुशे गाउँपालिकाका ७७ जना नागरिकको उद्धार गरिएको छ । गाउँपालिकाको सहयोगमा २ वटा बसको व्यबस्था गरी वैशाख १२ गते उद्धार गरिएको गाउँपालिका अध्यक्ष हरिचन्द्र बस्नेतले जानकारी दिनु भयो । अध्यक्ष बस्नेतका अनुसार उद्धार गरिएका सबैलाई पायक पर्ने क्वारेन्टाइनमा राखिने छ । साथै काठमाडौंमा अलपत्र परेका ३९ जनालाई पनि उद्धार गर्ने लक्ष रहेको बताउनु भयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** सुर्खेत, नेपालगञ्ज र काठमाडौंबाट कालिकोट, जुम्ला र मुगु जाने भनिएका यात्रुवाहक ७ वटा बस दैलेखको रानीमत्तामा रोकिएका छन् ।
कुन व्यक्ति कहाँबाट चढेका, कहाँ पुग्ने हो भन्ने यात्रु विवरण नभएको कारण दैलेख प्रवेश गर्ने रानीमत्तामा रोकिएको दैलेखका प्रमुख जिल्ला अधिकारी युवराज कटेलले बताउनुभयो । यात्रुहरुको विवरण सहित आएका १७ वटा बसलाई वैशाख १४ नै छोडिएको रानीमत्ता प्रहरी चौकीका इञ्चार्ज असई चन्द्रलाल गिरीको भनाई छ ।
यसैबीच आठबिस नगरपालिका-१ सुकिपिउलीको दलित बस्तीमा खाद्यान्न अभाव भएको छ । ज्यालादारी गरेर छाक टारिरहेका भूमिहीन दलित बस्तीका नागरिकलाई छाक टार्न समस्या भएको स्थानीय दिपा नेपालीको गुनासो छ ।

आठबीस नगरपालिकाका-१ का वडाध्यक्ष पर्वसिंह बिकले भने नगरपालिकाले खाद्यन्न व्यवस्था गर्न ढिला घएको कारण सुकिपिउली मात्र नभई नगरपालिकाका १ हजार ५४ परिवारलाई राहत दिने तयारी गरिएको जानकारी दिनुभयो ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** मध्यपश्चिमाञ्चल विश्वविद्यालयको विज्ञान तथा प्राविधिक संकाय केन्द्रीय क्याम्पसले स्यानीटाइजर उत्पादन गरेको छ ।
युवा वैज्ञानिक राजेन्द्र विष्टको समन्वयमा विश्वविद्यालयले वैशाख ११ गतेदेखि दैनिक ६० एम एलको ९ सय बोत्तल उत्पादन गरिरहेको सेनेटाइजर उत्पादन समन्वय समितिका संयोजक शिक्षा शास्त्र संकायका सहायक डिन विष्णुकुमार खड्काले बताउनुभयो । खड्काका अनुसार उत्पादित सेनेटाइजर विभिन्न निकाय तथा समुदायमा वितरण गरिएको छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** सोरु गाउँपालिकामा वैशाख १० गते देखि द्रुत परीक्षण गरिएका ६६ जनामा कोरोना भाइरस रिपोर्ट नेगेटिभ आएको छ । यस्तै मुगुम कार्मारोङ गाउँपालिकामा पनि १३ जनाको परिक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको गाउँपालिकाले जनाएको छ ।

**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**